अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २९ जेठ ०८३

■ मधेशको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित

आगामी बजेटमा टुक्रेभन्दा ठुला आयोजनामा लगानी गर्ने सरकारको योजना

प्रादेशिक गौरवका आयोजनामा बजेट केन्द्रित हुनेछ

● **युवराज भट्टराई**, अर्थमन्त्री, मधेश प्रदेश

आगामी बजेटलाई आर्थिक सुशासन, विकासको प्रभावकारिता र नागरिकमैत्री सेवा प्रवाहमा केन्द्रित गरिनेछ । विगतमा आलोचित बनेका टुक्रे तथा साना आयोजनालाई निरुत्साहित गर्दै प्रादेशिक गौरव तथा दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरूमा स्रोत केन्द्रित गरिनेछ । उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग, लगानीमैत्री वातावरण निर्माण तथा बहुआयामिक गरिबी उल्लेख्य रूपमा घटाउने लक्ष्य छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सिप विकासमा बजेट निर्माण गर्ने योजनामा छौं ।

जनकपुरधाममा हविश खुद्दार

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ल्याएको नीति तथा कार्यक्रम प्रदेश सभाबाट सर्वसम्मत रूपमा पारित भएको छ । यससँगै प्रदेशको आगामी बजेट निर्माण प्रक्रिया औपचारिक रूपमा अगाडि बढेको छ ।

बिहीबार बसेको प्रदेश सभा बैठकमा नीति तथा कार्यक्रममाथि विस्तृत छलफल सम्पन्न भएपछि सभामुख रामअशिष यादवले निर्णयार्थ प्रस्ताव प्रस्तुत गरेका थिए । प्रस्तावको विपक्षमा कुनै सदस्यले असहमति नजनाएपछि सभामुख यादवले नीति तथा कार्यक्रम सर्वसम्मतिले स्वीकृत भएको घोषणा गरे । १५ जेठमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले प्रस्तुत गरेको अगामी आवाको नीति तथा कार्यक्रम प्रतिपक्षी दलहरूको अवरोधका कारण लामो समयसम्म छलफल प्रक्रियामा प्रवेश हुन सकेको थिएन ।

सत्ता पक्ष र विपक्षी दलहरूबिच सहमति जुटेपछि मात्र बुधबारदेखि सदनमा नीति तथा कार्यक्रममाथि छलफल अगाडि बढेको थियो । छलफलका क्रममा विभिन्न सांसदहरूले संशोधन प्रस्ताव दर्ता गराए पनि सत्तारुढ नेकपा एमालेका सांसद राजकुमार लेखीको प्रस्तावबाहेक अन्य सबै संशोधन प्रस्ताव अस्वीकृत भएका छन् ।

नीति तथा कार्यक्रम पारित भएसँगै अर्थमन्त्री युवराज भट्टाईले आगामी आर्थिक वर्षको विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता सदनमा प्रस्तुत गरेका छन् । उनले आगामी बजेटलाई आर्थिक सुशासन, विकासको प्रभावकारिता र नागरिकमैत्री सेवा प्रवाहमा केन्द्रित गरिने बताएका छन् ।

अर्थमन्त्री भट्टाईले विगतमा आलोचित बनेका टुक्रे तथा साना आयोजनालाई निरुत्साहित गर्दै प्रादेशिक गौरव तथा दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरूमा स्रोत केन्द्रित गरिने स्पष्ट पारे । उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग, लगानीमैत्री वातावरण निर्माण तथा बहुआयामिक गरिबी उल्लेख्य रूपमा घटाउने लक्ष्यसहित बजेट तर्जुमा गरिने उनको भनाइ छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सिप विकासमा समान पहुँच सुनिश्चित गर्दै गत वर्षका कमजोरीहरू नदोहोरिने गरी बजेट निर्माण गरिने उनले बताए । साथै, अनुत्पादक खर्च कटौती गर्दै 'शून्य बेरजु'को नीति कडाइका साथ कार्यान्वयन गरिने प्रतिबद्धता उनले व्यक्त गरेका छन् ।

> ४५ अर्बहाराहारीमा बजेट आउने अनुमान
>
> वित्तीय सन्तुलन कायम राख्न खर्च कटौती गरिने
>
> असारे विकास अन्त्य गर्न अधिकांश बजेट रोक्का

सुशासनलाई नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी राज्यको उत्तरदायित्व, सेवा दक्षता र आर्थिक क्षमतासँग जोडेर अघि बढाइने मन्त्री भट्टाईले बताए । सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिने तथा एकीकृत डिजिटल सेवा प्रणालीलाई थप सुदृढ बनाइने उनले उल्लेख गरे ।

■ ब्रोकरबाट मार्जिन सुविधा लिएर सेयरमा लगानी

३१ कम्पनीलाई स्वीकृति, तर एउटाबाट मात्रै कर्जा प्रवाह

आफ्नै डिपोजिटबाट कारोबार गर्न खोजेको हो कि ऋण लिएर गर्न खोजेको हो भन्ने छुट्याउन सक्ने सामर्थ्य हालको टिएमएस प्रणालीमा छैन, त्यसैले लगानीकर्तालाई मार्जिन सुविधा दिन धमाधम नयाँ सफ्टवेयर राख्दै ब्रोकर

मार्जिन सुविधा प्रवाह गर्ने सफ्टवेयर निर्माण हुँदै छ

● **धर्मराज सापकोटा**, स्टक ब्रोकर

लगानीकर्तले आफ्नै डिपोजिटबाट कारोबार गर्न खोजेको हो कि ऋण लिएर गर्न खोजेको हो भन्ने विषय टिएमएस प्रणालीले छुट्याउनुपर्ने हुन्छ । अहिले प्रयोगमा रहेको टिएमएसमा मार्जिन सुविधासम्बन्धी व्यवस्था समावेश गर्न बाँकी रहेकाले अनुमति लिएका कम्पनीहरू सफ्टवेयर निर्माणकै चरणमा छन् ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले ब्रोकरमार्फत मार्जिन सुविधा लिएर सेयर कारोबार गर्न पाउने गरी अनुमतिपत्र दिएका ३१ ब्रोकरमध्ये एउटा मात्रै कर्जा प्रवाह गर्न सक्षम भएको छ ।

नेप्सेका प्रवक्ता मुरारहरि पराजुलीका अनुसार हालसम्म ३१ वटा ब्रोकर कम्पनीले मार्जिन कारोबारको स्वीकृत लिइसकेका छन् र थप ब्रोकरहरू अनुमति लिने प्रक्रियामा सामेल भएका छन् । तर, हालसम्म ५८ नम्बरको ब्रोकर नासा सेक्युरिटिजले मात्रै लगानीकर्तालाई यस्तो कर्जा तथा कारोबार सुविधा उपलब्ध गराइरहेको छ । समग्र कारोबार बढ्न नसकका कारण पनि मार्जिन सुविधाको माग बढ्न नसकेको ब्रोकरहरूको भनाइ छ ।

मार्जिन कारोबारको स्वीकृति लिएका अधिकांश ब्रोकरसँग सेयर खरिद-बिक्री गर्ने ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) प्रणालीमा आवश्यक कप्रायिधिक व्यवस्था नभएकाले यो सेवा प्रवाह गर्न ससकेका हून् । स्टक ब्रोकर धर्मराज सापकोटाका अनुसार लगानीकर्तालै आफ्नै डिपोजिटबाट कारोबार गर्न खोजेको हो कि ऋण लिएर गर्न खोजेको हो भन्ने विषय टिएमएस प्रणालीले छुट्याउनुपर्ने हुन्छ । अधिकांश ब्रोकररूले 'वाईको सोलुसन्स प्रालि' र 'डिजीहब प्रालि'द्वारा निर्माण गरिएको टिएमएस प्रयोग गर्दै आइरहेका छन् । यी दुवै कम्पनीको टिएमएसमा मार्जिन सुविधासम्बन्धी व्यवस्था समावेश गर्न बाँकी रहेकाले सफ्टवेयर निर्माणकै चरणमा छ ।

यो सफ्टवेयर पूर्ण रूपमा तयार भएपछि मात्र ब्रोकरहरूमार्फत मार्जिन सुविधा कार्यान्वयनमा आउनेछ । यद्यपि, ५८ नम्बरको ब्रोकर नासा सेक्युरिटिजको भने आफ्नै छुट्टै टिएमएस प्रणाली रहेकाले सहज रूपमा मार्जिन सुविधा कार्यान्वयनमा ल्याएको हो । नासा सेक्युरिटिजले ग्राहकका लागि दुई करोड रुपैयाँसम्मको ऋण संरचना सार्वजनिक गरिसकेको छ । योजनाको उदाहरणअनुसार यदि कुनै ग्राहकले १० लाख रुपैयाँको मार्जिन सुविधा लिन चाहेमा ३० प्रतिशत अर्थात् तीन लाख रुपैयाँ प्रारम्भिक मार्जिन आफैँले बुझाउनुपर्छ र बाँकी सात लाख रुपैयाँ नासाले ऋणस्वरूप उपलब्ध गराउँछ ।

> **यी ३१ ब्रोकरले लिएका छन् लाइसेन्स**
>
> स्वीकृति लिएकाबाहेक थप २४ ब्रोकर मार्जिन सुविधाका लागि आवेदन दिएर बसेका नेपाल स्टक एक्सचेन्जले जनाएको छ ।
>
> - किस्टल कञ्चनजंघा सेक्युरिटिज प्रालि
> - सेक्युई सेक्युरिटिज
> - भिजन सेक्युरिटिज प्रालि
> - प्राइमो सेक्युरिटिज प्रालि
> - कोहिनूर इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज
> - दीपशिखा धितोपत्र कारोबार कम्पनी प्रालि
> - इम्पेरियल सेक्युरिटिज प्रालि
> - दिव्या सेक्युरिटिज एन्ड स्टक हाउस
> - आर्यतारा इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि
> - डाइनामिक मनी म्यानेजर्स सेक्युरिटिज प्रालि
> - दक्षिणकाली इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिज प्रालि
> - स्वेता सेक्युरिटिज प्रालि
> - सुमेर सेक्युरिटिज प्रालि
> - निभ सेक्युरिटिज प्रालि
> - रहरी सेक्युरिटिज प्रालि
> - नासा सेक्युरिटिज
> - सिप्रबी सेक्युरिटिज
> - भकुटी स्टक ब्रोकिङ कम्पनी प्रालि
> - सुन्धारा सेक्युरिटिज लि.
> - किएटिभ सेक्युरिटिज
> - विशत्तिक सेक्युरिटिज पब्लिक लि.
> - एबिसी सेक्युरिटिज
> - कृष्ण सेक्युरिटिज लिमिटेड
> - अनलाइन सेक्युरिटिज लिमिटेड
> - सनी सेक्युरिटिज कम्पनी लिमिटेड
> - ओपल सेक्युरिटिज इन्भेस्टमेन्ट
> - कालिका सेक्युरिटिज
> - नबिल स्टक डिलर
> - नागरिक स्टक डिलर कम्पनी
> - एनआइएमबि स्टक मार्केट्स
> - हिमालयन सेक्युरिटिज लिमिटेड

मार्जिन सुविधाका लागि यस्तो छ मापदण्ड

धितोपत्र बोर्डले मार्जिन कारोबार सहजीकरण निर्देशिका, २०८२ जारी गर्दै यो सुविधा लिनका लागि ३० प्रतिशत प्रारम्भिक मार्जिन राख्नु अनिवार्य गरिएको छ । त्यस्तै, १८ वर्षभन्दा माथिका व्यक्ति मात्र यसका लागि योग्य हुने व्यवस्था छ । यसअन्तर्गत सेवोनद्वारा स्वीकृत सूचीभित्रका कम्पनीहरूको सेयर मात्र किन्न पाइन्छ । यो ऋणको ब्याजदर सेवा शुल्कसहित प्रतिमहिना एक प्रतिशत तोकिएको छ । जसमा ग्राहकलाई आकर्षित गर्न दुई महिनाको योजनामा २.५ प्रतिशत र तीन महिनाको योजनामा पाँच प्रतिशत छुटको व्यवस्थासमेत गरिएको छ । तर, एकपटक भुक्तानी गरिसकेको ब्याज तथा सेवा शुल्क भने फिर्ता हुँदैन, यद्यपि लगानीकर्ताले आफ्नो ऋण समयअगावै आंशिक वा पूर्ण रूपमा चुक्ता गर्न भने सक्छन् ।

यस सुविधामा मार्जिन कलसम्बन्धी कडा व्यवस्थासमेत रहेको छ । निर्देशिकाअनुसार लगानीकर्तले बजारमा सेयरको मूल्य घटबढ हुँदा न्यूनतम २० प्रतिशत मर्मत मार्जिन सधैं कायम राख्नुपर्छ । यदि सेयर बजार घटेर लगानीकर्ताको पोर्टफोलियोको मूल्य यो तोकिएको २० प्रतिशतको स्तरभन्दा तल पुगेमा ब्रोकर कम्पनीले मार्जिन कल जारी गर्छ । यस्तो अवस्थामा लगानीकर्तले भोलिपल्ट बिहान ११ बजेभित्र थप रकम जम्मा गर्नुपर्छ वा थप सेयर धितोका रूपमा राख्नुपर्ने हुन्छ । यदि तोकिएको समयभित्र थप रकम वा सेयर जम्मा नगरिएमा ब्रोकर कम्पनीले आफैँ सेयर बिक्री गरेर आफ्नो घाटा समायोजन गर्ने अधिकार राख्छ ।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 5.99% p.a.
*T & C apply
Global IME Bank
GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

ब्रोकरमार्फत मार्जिन सुविधा हुँदा कारोबार बढ्ने अपेक्षा

बैंक तथा वित्तीय संस्थाबाट प्रदान गर्ने कर्जा ब्रोकरबाटै पाउन थालेपछि सेयर कारोबार बढ्ने अपेक्षा लगानीकर्ताले राखेका छन् । बैंकको मार्जिन ऋण र ब्रोकरको मार्जिन ट्रेडिङमा भने स्पष्ट भिन्नता छ । बैंक तथा वित्तीय संस्थाहरूमा पहिले लगानीकर्तले आफ्नै रकमबाट सेयर खरिद गर्नुपर्छ र पछि मात्र उक्त सेयर धितो राखेर एक सय ८० दिनको औसत मूल्य वा पछिल्लो कारोबार मूल्यमध्ये जुन कम हुन्छ, त्यसका आधारमा ७० प्रतिशतसम्म ऋण पाइन्छ । तर, ब्रोकरको मार्जिन ट्रेडिङ सुविधाअन्तर्गत लगानीकर्तले कुल लगानी रकमको ३० प्रतिशत प्रारम्भिक मार्जिन मात्र भुक्तानी गरे पुग्छ र बाँकी ७० प्रतिशत रकम अग्रिम उपलब्ध हुन्छ । यो सुविधा पछिल्लो कारोबार मूल्यका आधारमा तय गरिन्छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रीय कार्यालयः काठमाण्डौ-२, लाजिम्पाट
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइटः www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

(सूचना प्रकाशित मितिः २०८३/०२/२९)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिक सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फारामामा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण

क.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	दमक शाखा	मालपोत कार्यालय दमक, झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं.७ स्थित किता नं. १०४६३, १८८२९, १९४४७, ८०१७, २३०९४, २११७९, ८७३२ र ८७३४ को क्षे.फ. क्रमशः ०-०-११-०, ०-०-१०-०, ०-०-४.२५-०, ०-१-११-०, ०-१-८.५-०, ०-०-४-०, ०-०-२.७५-० र ०-०-११.७५-० (बिघा) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा
		मालपोत कार्यालय दमक झापामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं. ७ स्थित किता नं. ७८५४, ८४८४, ८८८७, १७७०९, १७७०७, ४४८७ र ८४७७ को क्षेत्रफल क्रमशः १२३६.०३, १९८.५२, ८८४.७०, ५४३०.९३, २०९१.१०, ३३०.१७ र १०१.५९ (ब.मि.) को घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (मितिः २०८३/०३/३२) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०४/०४ गते सोमवार दिनको ५:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगते विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque साथै विद्युतिय माध्यमबाट रकम जम्मा गरेको भए सो को भौचर (Receipt) समेत राखी शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण-पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।

संसद्मा पनि अर्थमन्त्रीको प्रस्टीकरण

विपक्षीले लगाएको आर्थिक विधेयक संशोधन आरोपको प्रतिवाद गर्दै अर्थमन्त्रीले भने- स्वर्णिम वाग्लेले करको दर चलाएर व्यापारी पोस्यो भन्नेजस्ता आरोप सुनिए । सुशासनलाई मूल एजेन्डा बनाएको सरकारले जनताको विश्वासमाथि धोका दिन सक्दैन ।

नयाँ पत्रिका



आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमाथि बिहीबारको संसद् बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले रक्षात्मक देखिएका छन् । आफूमाथि आर्थिक विधेयक संशोधन र सूचना चुहाएर व्यवसायीलाई लाभ दिएको भन्दै सांसदहरूले गरेका प्रश्नको उनले आत्मविश्वासका साथ खण्डन गरेका छन् ।

बजेटमार्फत व्यापारीलाई फाइदा पुऱ्याइएको भन्ने आरोपको प्रतिवाद गर्दै उनले भने, 'स्वर्णिम वाग्लेले करको दर चलाएर व्यापारी पोस्यो भन्नेजस्ता आरोप सुनिए । सुशासनलाई मूल एजेन्डा बनाएर अगाडि बढेको सरकारले दुई महिनामै जनताको विश्वासमाथि धोका दिन सक्दैन ।' बिहीबार बिहान बसेको सार्वजनिक लेखा समितिमा पनि सोही कुरा राखेको जानकारी गराउँदै उनले भ्रष्टाचारको कुनै प्रमाण भेटिए राजनीतिक र सार्वजनिक जीवन नै त्याग्न तयार रहेको चुनौती दिए । 'दुई अर्ब होइन, दुई रुपैयाँ मात्र पनि बदमासी वा बेइमानी भयाट भएको प्रमाणित हुन्छ भने म मन्त्री पद त्यागिदिन्छु, सार्वजनिक जीवन नै त्याग्न पनि तयार छु,' उनले भने ।

आफूमाथि उठाइएका आरोपहरूको यथार्थ संसद् र जनतासामु राख्न चाहेको बताउँदै अर्थमन्त्री वाग्लेले केही समयअघि नै यस विषयमा संसद्मा बोल्न चाहेको भए पनि अवसर नपाएको बताए । शिक्षा क्षेत्रमा यस वर्षको सबैभन्दा महत्त्वपूर्ण र दीर्घकालीन सुधारको आधार तयार गरेको उनले बताए ।

आर्थिक विधेयकमा मनलाग्दी हेरफेर भएको कांग्रेसको आरोप

कांग्रेस सचेतक निष्कल राईले विज्ञ अर्थमन्त्री भए नि करका दरहरूमा मनलाग्दी हेरफेर गरेर संसद्को अवमूल्यन गरेको बताए । उनले संसद्को अधिकारमाथि नै कैंची चलाउने प्रयत्न भएको आरोप लगाए । 'अर्थमन्त्रीले करका दरहरूमा बारम्बार हेरफेर गर्नुभयो । के उहाँले संसद्को अधिकारमा कैंची चलाउनुभएको हो ?' उनले प्रश्न गर्दै भने ।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालयः ट्रेड टावर शाषाधारी, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४५९९९७७/७८/८८, फ्याक्सः +९७७-१-४५९९९८०, टोल फ्री नं.: १६४०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय अनुली विभाग, राधामवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोनः +९७७-१-०-४२६४४२०/२२ (ध्रवसटेन्सन: २०८/२७/२२६)

गैर बैंकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	रौतहट जिल्ला, गुर्बिला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित किता नं. ५०९२ र ५०९८ को क्षेत्रफल क्रमशः ४३१८.५१ र ६०२४.३४ (ब.मि) को जग्गा ।
२.	रौतहट जिल्ला, चन्द्रगिजापुर गा.वि.स. वडा नं. १२ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित किता नं. ५०४२ को क्षेत्रफल २९०.७२ व.मि.को जग्गा ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सबबन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय अनुली विभाग, राधामवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सबबन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (केन्द्रिय अनुली विभाग), राधामवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, किल्ल नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चाकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबार देखि बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगते कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय अनुली विभाग, राधामवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सबबन्धित सबैलाई उपस्थितको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको र/जग्गाको स्थान पहिचानको लागि Google Map